# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ५ | संख्या ६ | मिति २०७८।११।२७ |

# भाग १

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

### संवत २०७५ सालको ऐन संख्या ४ (विहादी गाउँपालिकाको सहकारी ऐन, २०७५) मा संशोधन

**विहादी गाउँपालिकाको सहकारी ऐन, २०७५ मा मिति २०७८।११।१८ गतेको गाउँसभावाट संशोधन गरिएको सूचना सर्वसाधारण सम्पूर्णको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# विहादी गाउँपालिकाको सहकारी ऐन, २०७५ मा संशोधन विधेयक, २०७८

गाउँ सभाबाट प्रथम पटक संशोधन : २०७८।११।१८

**प्रस्तावना :** सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीब्र एवंदिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघसंस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमनसम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,विहादी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई देहाय बमोजिम संशोधन गरी लागू गरेको छ।

विहादी गाउँपालिकाको सहकारी ऐन, २०७७ को दफा ६ मा संशोधन :

**(६)** (६) नविकरण सम्बन्धी व्यवस्था : प्रत्येक सहकारी संस्थाहरुले दर्ता गरेको मितिदेखि १ वर्ष भित्र विहादी गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको नविकरण शुल्क बुझाई आफ्नो सहकारी संस्था नविकरण गरिसक्नु पर्नेछ । म्याद सकिएको थप १ महिना भित्र नविकरण गर्न आएमा जरिवाना लाग्ने छैन अन्यथा दफा ६ को उपदफा (७) बमोजिम थप जरिवाना लाग्नेछ ।

(७) नविकरण सम्बन्धी व्यवस्था : तोकिएको समय भित्र सहकारी संस्था नविकरण नगरेमा:

- म्याद समाप्त भएको मितिले ३ महिना भित्र नविकरण गरेमा रु ३००/-
- म्याद समाप्त भएको मितिले ६ महिना भित्र नविकरण गरेमा रु ५००/-
- म्याद समाप्त भएको मितिले १२ महिना भित्र नविकरण गरेमा रु १०००/-
- म्याद समाप्त भएको मितिले २४ महिना भित्र नविकरण गरेमा रु २०००/-
- म्याद समाप्त भएको मितिले २४ महिना सम्म पनि नविकरण नगरेमा सहकारी दर्ता प्रमाणपत्र खारेज गरी सहकारी दर्ता कितावमा अभिलेख राखिनेछ। यसरि खारेज भएको सहकारी संस्था पुन दर्ता गराउनु परेमा ऐनको दफा ४ बमोजिम सुरु दर्ताकै विधि अनुसार गर्नु पर्नेछ।

(८) उपदफा ६ बमोजिम सहकारी संस्था नविकरण गराउँदा देहाय बमोजिमका कागजात सहित संस्थाको लेटरप्याडमा निवेदन पेश गर्नुपर्नेछ।

देहाय :

क) संस्था नविकरणको लागि कार्य समितिको निर्णय सहितको निवेदन।

ख) सहकारी संस्थाको अधिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन।

ग) सहकारी संस्थामा कायम सेयर सदस्यहरुको विवरण।

घ) कार्यरत कर्मचारीहरुको विवरण।

आज्ञाले
ध्रुव दयाल
प्रमूख प्रशासकीय अधिकृत